नेपाल सरकार
# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

## प्रेस विज्ञप्ति

यस मन्त्रालयले विभिन्न समुदायहरुको पहिचान एवम् अभिलेखीकरणमार्फत् अभौतिक सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्बन्धित समुदायबाटै गर्ने कार्यलाई निरन्तरता दिन अभौतिक सांस्कृतिक सम्पदाहरुको राष्ट्रिय सूचीकरण कार्य थालनी गरेको छ। नेपालको सांस्कृतिक सम्पदा संरक्षण एवम् व्यवस्थापनमा यस किसिमको कार्यको सुरुवात भएको सन्दर्भमा अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ मा भएको प्रावधान बमोजिम आ.व. २०८२/०८३ मा तपसिलको अभौतिक सांस्कृतिक सम्पदालाई नेपाल सरकार (मा. मन्त्रीस्तर) मिति २०८३/२/२७ को निर्णयानुसार राष्ट्रिय सूचीमा सूचीकरण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

| क्र.स. | सम्पदा तत्वको नाम | आवेदक (व्यक्ति, परिवार, समुदाय, संस्था) | सम्पदाको विधा | अभ्यास गर्ने समुदाय | ठेगाना प्रदेश/जिल्ला/गा.पा./न.पा./टोल) |
|---|---|---|---|---|---|
| १. | लदी (कोशी) पूजा | चिनी मायाँ माझी, नेपाल माझी उत्थान सङ्घ | सामाजिक व्यवहार, अनुष्ठान, जात्राहरू | माझी समुदाय | वागमती, सिन्धुली, मरिण गाउँपालिका वडा नं. ५ र ६, कपिलाकोट |
| २. | भूमे पर्व | वागलाल बुढामगर, भूमे पर्व संरक्षण नेपाल | सामाजिक व्यवहार, अनुष्ठान, जात्राहरू | मगर समुदाय | लुम्बिनी, रुकुम पूर्व, भूमे गाउँपालिका, वडा नं. २, काँक्री |
| ३. | जिब्रोछेड्ने जात्रा | सजीव श्रेष्ठ, मध्यपुर थिमी ५, वोडे | सामाजिक व्यवहार, अनुष्ठान, जात्राहरू | नेवा (श्रेष्ठ, ज्यापु, नकर्मी) समुदाय) | वागमती, भक्तपुर, मध्यपुर थिमी नगरपालिका, वडा नं. ८, वोडे |
| ४. | श्रीनीलवाराही गण नाच | विनोद खमु, मध्यपुर थिमी ८, वोडे | अभिनय मञ्चन कला | नेवा (श्रेष्ठ, ज्यापु, नकर्मी) समुदाय) | वागमती, भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं. ८, वोडे |
| ५. | नचारु स्याइँ नाच | बमकुमारी बूढामगर | अभिनय मञ्चन कला | मगर समुदाय | लुम्बिनी, रोल्पा, माडी गाउँपालिका वडा नं. ६, कुर्जाबाङ |

मितिः २०८३/२/२८ गते
नेपाल सम्वत् ११४६

(जयनारायण आचार्य)
सहसचिव एवम् प्रवक्ता

जयनारायण आचार्य
सहसचिव

फोन नं. ४२११८७९, ४२११८७०, ४२११६२० | इमेलः info@tourism.gov.np | वेवसाइटः www.tourism.gov.np